# अर्ध वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/०८२)



## नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

**संरक्षक**

कुनसाङ लामा, नगर प्रमुख

**सल्लाहकार**

रत्न बहादुर लामा, नगर उपप्रमुख

**निर्देशक**

कृष्ण गिरी, प्रमुख प्रशासकीय अधिकृत

**सम्पादन मण्डल**

बुद्धिराज अर्याल, शाखा अधिकृत

बिदुर शर्मा नेपाल, बरिष्ठ लेखा अधिकृत

उज्ज्वल अर्याल, इन्जिनियर

सन्तोष काफ्ले, वातावरण अधिकृत

विप्लव हमाल, सुचना प्रविधि अधिकृत

अमृत खनाल, रोजगार संयोजक

राजिब श्रेष्ठ, भण्डार शाखा प्रमुख

रामहरि भण्डारी, योजना शाखा

**प्रकाशक**

नमोबुद्ध नगरपालिका

**संकलन/सहयोग**

नगर कार्यपालिका सदस्यहरु

नगर सभा सदस्यहरु

सम्पूर्ण शाखाहरु/वडा कार्यालयहरु

**प्रकाशन मितिः २०८१ चैत्र**

# मेरो भनाई



**कुनसाङ लामा, नगर प्रमुख**

नमोबुद्ध नगरपालिका कृषि, पर्यटन र व्यापारको क्षेत्रका लागि परिचित पालिका हो। पूर्वाधार विकास यहाँको आवश्यकता हो। शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक समावेशीकरण लगायतका सवाल हाम्रा विकासका उद्देश्यहरु हुन्। अन्ततः नगरबासीलाई सेवामा सर्वसुलभ पहुँच, आवश्यक्तामा आधारित विकास, सम्वृद्धि र सुशासन हाम्रो लक्ष्य हो। नमोबुद्ध नगरपालिकाको कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको दीर्घकालीन सोच पूरा गर्ने तर्फ प्रतिबद्ध रही उपलब्ध श्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरि नगरबासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्र एवम समृद्ध नेपाल खुशी नेपाली बनाउन सहयोग पुग्ने गरी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम दोस्रो नगर सभाको पाँचौं अधिवेशनबात स्वीकृत गरी कार्यान्वयन भईरहेको छ। यहि ध्येयले हामी वार्षिक योजना तर्जुमा कार्यान्वयन र त्यसको प्रभाव मूल्यांकन गर्ने गर्दछौं। नमोबुद्ध नगरपालिका कम जनसंख्या र बढी भौगोलिक विकटताले झेलिएको छ। ११ वटा वडा रहेको नमोबुद्धमा २६ हजार १ सय ६० जनसङ्ख्या रहेको छ। नमोबुद्ध नगरपालिकाको कुल क्षेत्रफलको ९० प्रतिशत क्षेत्र ग्रामिण क्षेत्र रहेको। यो तथ्याङ्क अनुसार पनि पालिकाको विकास गर्नुपर्ने भूगोल र क्षेत्रहरु फराकिलो छ भन्ने देखाउँछ। यद्यपि नगरपालिकाले नागरिकको आवश्यकता पहिचान र मागको आधारमा वार्षिक योजना निर्माण तथा कार्यान्वयनलाई तिव्रता दिँदै आएको छ।

आर्थिक वर्ष २०८१/०८२ को लागि कृषि, पशु, पर्यटन, रोरोजगारी जस्ता आर्थिक क्षेत्रहरुको विकासका लागि बजेट व्यवस्था गरी पूर्वाधार विकास र अनुदानका कार्यक्रमहरु संचालन गरिएको छ। प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक रुपमा पर्यटन प्रवर्द्धनका लागि सम्पूर्ण पक्ष समेटर यस नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०१ र ११ मा अवस्थित नमोबुद्ध क्षेत्रलाई समेटर नमोबुद्ध विकास समिति गठन गर्ने चरणमा रहेको छ। सामाजिक समावेशीकरण, खानेपानी, विपद, फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रमा पालिका, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा समेत विभिन्न योजना, अभियान तथा कार्यक्रमहरु संचालन गरिएको छ। दिगो विकासका १७ लक्ष्यलाई स्थानीयकरण गर्दै नगरपालिकाले बजेट, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्दै आएको छ।

नगरबासीको असीमित माग र सीमित स्रोतबाट सम्बोधन गर्नुपर्ने अवस्था चुनौतिपूर्ण छ। नागरिकहरु करप्रति अनुशासित छन्। तैपनि नगरपालिकाको आन्तरिक स्रोत कमजोर छ। सिमित श्रोत साधनका बाबजुद पनि विकासको क्षेत्रमा अगाडी बढ्दै गरेको अवस्था मिति २०८१ साल असोज १० गते देखि १२ गते सम्म आएको भिषण वर्षातले निम्त्याएको बाढी तथा पहिरोले यस नगरपालिकाको हरेक क्षेत्रमा अतुलनीय क्षति पुर्याएको छ। प्रकोपले दिएको पीडालाई शक्तिमा बदल्दै क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्यक्रम र समुदायको पुनर्स्थापनाका लागि यस आर्थिक वर्ष र आगामी आर्थिक वर्षको बजेटलाई केन्द्रित गरिएको छ।

प्रकोपको समयमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत यहाँहरु सबैको साथ र सहयोगले नमोबुद्ध नगरपालिका समग्र क्षेत्रमा विकसित नगरको रुपमा स्थापित हुने अपेक्षा गर्दछु। आर्थिक वर्ष २०८१/०८२ को मध्यान्तरसम्म भए गरेका प्रगति विवरण प्रकाशन गर्दै यो प्रतिवेदनले आगामी आर्थिक वर्षको योजना तर्जुमा र कार्यान्वयनलाई थप मार्गदर्शन गर्दछ भन्ने अपेक्षा लिएको छु।

**धन्यवाद। जय नमोबुद्ध।**

# प्रतिवेदन बारे



**रत्न बहादुर लामा, नगर उपप्रमुख**

नमोबुद्ध नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भए गरेका आफ्ना गतिविधिहरुलाई मूल विषय बनाएर तयार पारेको अर्ध वार्षिक प्रगति प्रतिवेदनलाई पुस्तिकाकै रुपमा प्रकाशन गर्ने जमर्को गरेको छ। यसअघि समीक्षा गोष्ठी मार्फत् प्रस्तुतीकरण, छलफल र निष्कर्ष प्रक्रिया अवलम्वन गरी सोको आधारमा अघि बढ्ने परम्परालाई थप परिमार्जन गर्दै समीक्षात्मक प्रतिवेदनलाई दस्तावेजीकरण गर्ने प्रयास एक अनुकरणीय कार्य सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु।

प्रस्तुत प्रतिवेदनमा नगरको समग्र अवस्थाको झलक, महाशाखा/शाखा, वडा कार्यालयहरु र नगर मातहत कार्यालयहरुको समीक्षात्मक विवरणहरु समेटिएका छन्। उक्त विवरणहरुलाई सँगै अङ्कित तस्बिरहरुले थप विश्वसनीय बनाउँछन्। आर्थिक वर्ष २०८१/०८२ मा नगरको शाखा तथा वडाहरुबाट सम्पादन भएका गतिविधिहरुलाई एउटै दस्तावेजमा सङ्ग्रहित गर्दा यसले अन्तर विषय समन्वय, अन्तरशाखा समन्वय, अन्तरवडा समन्वयका साथै हामीजस्ता जनप्रतिनिधिहरुलाई विवरणहरुमा आधारित भएर एकसाथ प्रस्तुत हुन अझ बढी सहज हुनेछ। यो पुस्तिका एक दस्तावेज मात्र नभएर नगर कार्यपालिकाको एक अनुगमन प्रणालीको स्वरुपसमेत बन्नेछ भन्ने मेरो ठम्याइ रहेको छ।

नमोबुद्ध नगरपालिका र यसका विषयवस्तुहरुमा सरोकार राख्ने जोकोहीले यस प्रतिवेदनबाट प्रशस्त लाभ लिन सक्नेछन्। लेखक, पत्रकार, सोधकर्ता, विश्लेषक सबैको लागि यो प्रतिवेदन वस्तुगत सूचनाको एक श्रोत बन्न सक्नेमा दुईमत छैन। नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनमा ७५ करोड ८३ लाख ६० हजार ७ सय ७७ रुपैया कुल अनुमानित आय प्रक्षेपण गर्दै सोहि अनुसारको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन भईरहेको अवस्थामा मिति २०८१ साल असोज १० गते देखि १२ गते सम्म आएको भिषण वर्षातले निम्त्याएको बाढी तथा पहिरो पुर्याएको अतुलनीय क्षतिको पुनर्निर्माण, पुनर्स्थापना र पुनर्लाभमा केन्द्रित रही छैटौं अधिवेशनबाट समेत बजेट संशोधन गरि विपद् व्यवस्थापनको क्षेत्रमा कार्यान्वयन गरिरहेका छौं। सोहि सन्दर्भमा प्रस्तुत गरिएको प्रतिवेदनको अध्ययनबाट नमोबुद्ध नगरपालिकाको विविध पक्षको अवस्थाको बारेमा साङ्गोपाङ्गो थाहा पाउन सकिन्छ। यसलाई आफ्नो अध्ययनको घेराभित्र मात्र सीमित नगरी त्यसबाट आफूलाई लागेका कुराहरु सुझावको रुपमा उपलब्ध गराइदिन म सबैसमक्ष अनुरोध गर्दछु। **धन्यवाद। जय नमोबुद्ध।**

## मेरो भन्नु



**कृष्ण गिरी, प्रमुख प्रशासकीय अधिकृत**

नमोबुद्ध नगरपालिका आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट मध्यान्तरको अवधि अर्थात् यस आर्थिक वर्षको हालसम्म गरिएका कार्यक्रमहरु, विकास निर्माण, शासकीय गतिविधि, सेवा प्रवाह, शाखाहरुबात संचालित कार्यक्रमहरु, राजश्व संकलनमा गरिएका प्रयासहरु, चालु तथा पुँजीगत खर्चको अवस्था, नगरपालिकाले स्वामित्व ग्रहण गरेका उल्लेखनीय कार्यहरु एवं आइपरेका समस्या र समाधानको लागि गरिएका प्रयासहरु लगायतका मुलभूत विषयहरु समावेश गरी आधिकारिक र लिखित दस्तावेजको रुपमा अर्ध वार्षिक समिक्षा प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुशी लागेको छ। यस्ता दस्तावेज संस्थागत संस्मरण, प्रमाणको रुपमा सुरक्षित राख्न, सेवाग्राही, नगरबासी तथा सरोकारवालाहरुको लागि उपयोगी हुने विश्वास लिएको छु।

आर्थिक वर्ष २०८१/०८२ को लागि नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशबाट स्वीकृत भएका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको मध्य अवधिमा रहेका छौं। बजेट कार्यान्वयनको चरणमा नगरपालिकाले मिति २०८१ साल असोज १० गते देखि १२ गते सम्म आएको भिषण वर्षातले निम्त्याएको बाढी तथा पहिरोबाट ठुलो क्षति व्यहोर्नु परेको छ। सोहि प्रकोपबाट भएको क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण, प्रभावित नागरिकहरुको पुनर्स्थापना तथा पुनर्लाभिका लागि लक्षित गरी सम्पूर्ण बजेटलाई विपद् व्यवस्थापनको क्षेत्रमा केन्द्रित गरी कार्यान्वयन भईरहेको छ। यस विषम परिस्थितिलाई मध्यनजर गरी नगरपालिकाले आहतमा रहेका नागरिकलाई राहत हुने गरी विभिन्न क्रियाकलाप, कार्यक्रम तथा प्याकेज कार्यान्वयनमा ल्याएको छ।

नगरपालिकाले आगामी केहि वर्षको नीति, कार्यक्रम तथा बजेट विपद् व्यवस्थापनको क्षेत्रलाई लक्षित गरी पुनर्निर्माण र पुनर्स्थापनामा विनियोजन गर्नुपर्ने अवस्था रहेको छ। सोहि सन्दर्भमा प्रस्तुत गरिएको यस अर्ध वार्षिक प्रतिवेदनको अध्ययनबाट पनि नगरपालिकाको प्राथमिकता र गरिरहेका विकास निर्माणका गतिविधिहरु थाहा पाउन सकिन्छ। हालसम्म जनप्रतिनिधिज्युहरुबाट निर्वाह भएको अभिभावकीय भूमिका तथा सम्पूर्ण कर्मचारीको सहयोगबाट प्रशासनिक क्षेत्र नतिजामुखी सुधार साथै नगरबासीले महसुस गर्ने सक्ने विकास हुने अपेक्षा राख्दछु।

अन्त्यमा, नमोबुद्ध नगरपालिकालाई विकसित नगरपालिका बनाउन सकियोस्, सबैलाई शुभकामना।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| **१** | **खण्ड एकः परिचय** | **१-३** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | प्रतिवेदनको औचित्य | २ |
| १.३ | उदेश्य | २ |
| १.४ | प्रतिवेदन तयारी विधि | ३ |
| **२** | **खण्ड दुईः विषयगत प्रगति** | **४-११८** |
| २.१ | आर्थिक विकास | ४ |
| २.२ | सामाजिक विकास | २३ |
| २.३ | पूर्वाधार विकास | ४२ |
| २.४ | वातावरण तथा विपद् व्यवस्थापन | ४७ |
| २.५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | ५८ |
| **३** | **खण्ड तीनः निस्कर्ष** | **१०९** |

# खण्ड एकः परिचय

## १.१ पृष्ठभूमिः

नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग संघ प्रदेश र स्थानीय  तहले संविधान र कानून बमोजिम गर्नेगरी उल्लेख गरिएको छ। संविधानको अनुसूची ४ मा उल्लेख भए अनुरुप ७ प्रदेशको व्यवस्था रहेको छ साथै अनुसूची ८ मा व्यवस्था भए वमोजिम स्थानीय तहको अधिकार सूची अनुरुप हाल कार्य सम्पादन भइरहेको छ।  सविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित शासन  व्यवस्था सञ्चालनका लागि आम निर्वाचन सम्पन्न भई संविधानको मूल भावना मुताविक कार्यहरु अगाडि बढिरहेको छ।

शासन प्रणालीलाई पारदर्शी, जवाफदेही बनाउन, सुशासन कायम गर्न र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने  अनुभूतिको महशुस भएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को भावना अनुरुप  सार्वजनिक निकायले आफूबाट सम्पादन भएका कार्यक्रम र सोको प्रगति प्रतिवेदन नियमित सार्वजनिकीकरण गर्नुपर्ने दायित्वको रुपमा  लिएको छ। त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमालवी २०६५ मा सार्वजनिक निकायले सञ्चालन तथा सम्पादन गरेका कामको वार्षिक प्रगति समीक्षा गरी अभिलेख प्रकाशित गर्नु पर्ने व्यवस्था गरेको छ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी  सुशासनको प्रत्याभूति दिने सम्बन्धमा आवश्यक कार्य गर्दै आएको छ। नमोबुद्ध नगरपालिकाका नागरिकलाई नगरबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस् भनेर नगरपालिकाका गतिविधिहरु सार्वजनिक गर्दै आएको छ। स्थानीय रेडियो, पत्रपत्रिका तथा अनलाइनका सञ्चार माध्यम र सामाजिक सञ्जालहरुमार्फत् सम्पूर्ण सूचना तथा जानकारी गराउँदै आएको छ। साथै यस नगरपालिकाको वेबसाईट र फेसवुक पेजमार्फत सार्वजनिक गर्नु, कार्यालयमा नागरिक वडापत्रको  व्यवस्था गर्नु, गुनासो पेटिकाको व्यवस्था गर्नु, गुनासो सुन्ने र सूचना अधिकारीको व्यवस्था गर्नु, सार्वजनिक सुनुवाई गर्नु र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्नुले नागरिकको सूचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना भएको छ। यसै सन्दर्भमा यस आर्थिक वर्ष २०८१/०८२ को लागि नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशबाट स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)

कार्यान्वयनका क्रममा सम्पादन भएका कार्यक्रमहरुको हालसम्म प्रगति समेटी तयार गरिएको अर्ध वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

## १.२ प्रतिवेदनको औचित्य:

लोकतान्त्रिक शासन पद्धतिमा पारदर्शिता, जवाफदेहिता, सुशासन र विकास निर्माण प्रक्रियामा जनसहभागिता अनिवार्य शर्तहरु हुन्। यी शर्तहरु पुरा गर्ने दायित्व सार्वजनिक निकायहरु सबैको हुन आउँछ। सार्वजनिक निकाय जनताको प्रत्यक्ष सरोकारको निकाय हो। सार्वजनिक निकायहरु जनताप्रति जिम्मेवार रहनु पर्छ भन्ने सार्वजनिक प्रशासनको पनि सामान्य सिद्धान्त हो। सार्वजनिक निकाय एवम् संघ-सस्थाहरुले आफूले गरिरहेका काम कारवाहीवारे जनतालाई निरन्तर जानकारी गराइरहनु उसको जिम्मेवारी र दायित्व हुन आउँछ। यस प्रयोजनका लागि जारी गरिएका कानूनहरुमा जनतालाई सूचित गर्न स्वत: सार्वजनिकीकरणको व्यवस्था गरिएको छ। फलतः सार्वजनिक निकायको काम कारवाहीहरु पारदर्शी, जवाफदेही बनाउने, सुशासन कायम गर्ने र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनुभूति महशुस गराउने मुल ध्येय हुनुपर्छ।

सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन/तीन महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। यसै पृष्ठभूमिमा हरेक आर्थिक वर्ष भित्र सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलब्धि, कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगामी दिनमा गर्नुपर्ने कार्यहरुको सङ्गालो दस्तावेजको रुपमा निर्माण गरी आमनागरिकलाई सूचित गर्नु अपरिहार्य रहेको छ। केही वर्ष यता सरकारले कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धति लागु गरेको र नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदनलाई एउटा महत्वपूर्ण सूचकको रुपमा राखिएकाले यसको अपरिहार्यता अझ बढी पुष्टि गरेको छ। यस किसिमको दस्तावेजले भावी दिनमा, नीति निर्माता, योजनाकार र कार्यान्वयनकर्ताहरुलाई मार्गनिर्देश गर्न सहयोग पुग्नुका साथै थप सुधारको लागि पृष्ठपोषण प्राप्त हुने अपेक्षा समेत गरिएको छ।

## १.३ उद्देश्य:

यस नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलब्धि कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगामी दिनमा गर्नुपर्ने कार्यहरुको सँगालो दस्तावेजको

रुपमा निर्माण गरी आम नागरिकलाई सूचित गर्नु यस प्रगति प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ। यसको अतिरिक्त देहायका उद्देश्यहरु रहेका छन्।

- ❖ नगरपालिकाको काम कारबाहीहरु पारदर्शी, जवाफदेही बनाउनु, सुशासन कायम गर्नु।
- ❖ आम नागरिकलाई विकास निर्माण प्रक्रियामा सहभागी गराइएको छ भन्ने अनुभूति गराउनु।
- ❖ नीति निर्माण र योजना कार्यान्वयनको अवस्थावारे जानकारी गर्नु।
- ❖ आर्थिक वर्ष २०८१/०८२ मा नगरले वहुआयमिक क्षेत्रमा गरेका नियमित, आकस्मिक र विकासात्मक लगायतका कामको सम्बन्धमा आम नागरिकलाई अवगत गराउनु।
- ❖ नगरले वर्षभरि गरेका कार्यहरुको बारेमा मूल्याङ्कन गर्नु।
- ❖ अध्ययन अनुसन्धानकर्ताका लागि सन्दर्भ सामग्रीको रुपमा विकास गर्नु।
- ❖ नगरपालिकाले विपद् व्यवस्थापनको क्षेत्रमा गरेका कार्यहरुको जानकारी गराउनु।
- ❖ नगरपालिकाले गरेको अभ्यासहरुको जानकारी गराउनु।

## १.४ प्रतिवेदन तयारी विधिः

सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन÷तीन महिनामा स्वतः सार्वजनिक गर्ने प्रावधान रहेको छ। श्रद्धेय नगर प्रमुखज्यूको निर्देशन तथा इच्छा बमोंजिम आर्थिक वर्ष २०८१/०८२ मा माघ मसान्तसम्म सम्पादन भएका र हुन नसकेका कार्यक्रमहरुको सन्दर्भमा अर्ध वार्षिक प्रतिवेदन तयारी ढाँचा विकास गरी महाशाखा, शाखा तथा वडा कार्यालयबाट प्राप्त भएका विषय वस्तुहरुलाई समेटेर तयार गरेको वार्षिक प्रगति प्रतिवेदन दस्तावेज उपर शाखा प्रमुखज्यूहरुसँग छलफल एवं पृष्ठपोषण माग गरी प्राप्त पृष्ठपोषण समेतको आधारमा तयार गरी सार्वजनिक गर्न यो प्रतिवेदन तयार गरिएको छ।वार्षिक प्रगति प्रतिवेदन लेखनका लागि समग्र ढाँचालाई वस्तुनिष्ट र विश्वसनीय बनाउने प्रयास गरिएको छ।

# खण्ड दुईः विषयगत प्रगति

## २.१ आर्थिक विकास :

कृषि र खाद्य सुरक्षा, सिंचाई, पशु विकास, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा वित्तीय सेवा, रोजगारी जस्ता क्षेत्रहरुको मार्फत गरिबी हटाउने, शून्य भोकमारी, मर्यादित काम तथा आर्थिक वृद्धि, असमानतामा कमी लगायतलाई विशेष प्राथमिकतामा राखी आर्थिक विकास तर्फका कार्यक्रमहरु संचालन गरिएका छन्।

### कृषि तर्फः

संघीय सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) अन्तर्गतका कार्यक्रमहरुको विवरणः

| क्र.सं. | कार्यक्रम तथा आयोजनाहरु | रकम रु | कार्यक्रमको अवस्था तथा कार्ययोजना | कार्यक्षेत्र | खर्च % |
|---|---|---|---|---|---|
| १ | आ.व. २०८१/८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम | १२,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | सबै वडा | ० |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | ६०,०००।- | कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट हाल कार्यक्रम संचालन नगर्न पत्र प्राप्त भएको। | सबै वडा | ० |
| ३ | किसान सूचीकरण कार्यक्रम | २,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. ८, ९ ,१० र ११ | ० |
| ४ | कृषि स्नातक करार | ५,२५,०००।- | १ जना कृषि अधिकृत कार्यरत | | |

प्रदेश सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) कार्यक्रमहरुको विवरण:

| क्र.सं. | कार्यक्रम तथा आयोजनाहरु | रकम रु | कार्यक्रमको अवस्था तथा कार्ययोजना | कार्यक्षेत्र | खर्च % |
|---|---|---|---|---|---|
| १. | किसान सूचीकरण कार्यक्रम | १,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. ०८, ०९, १० र ११ | ० |
| २. | कृषि उपज संकलन केन्द्र निर्माण | १०,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. १ | ० |
| ३. | कृषि उपज संकलन केन्द्र स्थापना वडा नं. ०४ | १०,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. ४ | ० |
| ४. | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम वडा न. ११ | १०,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. ११ | ० |
| ५. | तरकारी खेती प्रवर्द्धन कार्यक्रम सामुहिक वडा नं. ०२ | १५,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. २ | ० |
| ६. | खेती योग्य जमिनमा सिंचाई, एभोकाडो खेतीका लागि कार्यक्रम वडा नं. ०६ | १०,००,०००।- | कार्यक्रम संचालनको प्रकृयामा रहेको | वडा नं. ६ | ० |

स्थानीय तहबाट कृषि विकास सम्बन्धी कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजनाहरु | रकम रु | कार्यक्रमको अवस्था तथा कार्ययोजना | कार्यक्षेत्र | खर्च % |
|---|---|---|---|---|---|
| १. | कृषि विकास सम्बन्धी कार्यक्रम | ५०,००,०००।- | संचालन हुन बाँकी | सबै वडा | ० |

- कृषि सामाग्री कम्पनी लिमिटेड, धुलिखेलबाट जम्मा ७२०० बोरा युरिया र २६०० बोरा डि.ए.पी. मल प्राप्त रासायनिक मल नमोबुद्ध नगरपालिकाका विभिन्न वडामा वितरण भएको ।
- साल्ट ट्रेडिङ्ग कर्पोरेश लिमिटेड, बनेपाबाट जम्मा १००० बोरा युरिया मल नमोबुद्ध नगरपालिकाका विभिन्न वडामा बाँडफाँड गरी वितरण भएको ।







*प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ तरकारी पकेट विकास कार्यक्रममा आवेदक छनौटका लागि आर्थिक विकास समितिका पदाधिकारीहरु र नमोबुद्ध नगरपालिकाका कर्मचारीहरुको उपस्थितिमा अनुगमन गरिएको प्रारम्भिक तस्बिर*



*नमोबुद्ध नगरपालिका अन्तर्गत रासायनिक मल बिक्रेता सहकारीहरुको अनुगमन*





*अनुदानको रासायनिक मल बिक्रेता/सहकारीहरुसँग अन्तरक्रिया कार्यक्रम*






*किसान सूचीकरण सम्बन्धी सहजकर्ता अभिमुखीकरण तालिम*

**पशु सेवा तर्फः**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरुः

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | कृतिम गर्भाधान मिसन कार्यक्रम | १००००० | ३३३५० | ३३.३५% | गाई ११७४<br>भैंसी ५६१ |

- नमोबुद्ध नगरपालिकाका सबै वडाहरुमा गाईमा ११७४ र भैंसीमा ५६१ गरी जम्मा १७३५ वटा पशुहरुमा कृतिम गर्भाधान।




*कृतिम गर्भाधान गर्दै*

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| २ | एक पालिका एक भेटेरिनरी डाक्टर | ५२५००० | ------ | ------ | १ जना |

- नमोबुद्ध नगरपालिकामा १ जना पशु चिकित्सक कार्यरत रहेको।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ३ | इपिडेमियोलोजिकल रिपोर्टिङ | १२००० | ० | भुक्तानी हुन बाँकी | ७ पटक |

- प्रत्येक महिना इपिडेमियोलोजिकल रिपोर्टिङ पशु सेवा बिभागको इपिडेमियोलोजि शाखामा पठाईने गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ४ | रेबिज नियन्त्रण कार्यक्रम | ८०००० | ८०००० | १००% | जम्मा २२३ |

- नमोबुद्ध नगरपालिकाको सबै वडामा घर पालुवा तथा सामुदायिक गरि जम्मा २२३ वटा कुकुर र बिरालोहरुलाई नि:शुल्क रेबिज रोग बिरुद्धको खोप लगाइएको र नियमित खोप संचालन कार्य भइरहेको छ ।
- १८ औ बिश्व रेविज दिवस २०८१को अवसरमा जनक मा.वि मा स्कुल शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम गरि बिश्व रेविज दिवस मनाइयो ।





*कुकुरलाई रेबिज खोप लगाउदै*








*रेबिज रोग सम्बन्धी विद्यालय शिक्षा तथा अन्तरक्रिया कार्यक्रम*

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ५ | महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | ८०००० | | कार्यक्रम संचालन हुन बाँकी | |

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | २८७००० | | | कार्यक्रम संचालनको क्रममा रहेको |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| २ | बाख्रा प्रवर्द्धन कार्यक्रम | ६००००० | | | कार्यक्रम संचालनको क्रममा रहेको |

स्थानिय सरकारबाट विनियोजित कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | सबै वडामा पशु बीमा कार्यक्रम | ६००००० | ४५८००० | ७६.३३% | गाई ७१२<br>भैंसी ५०८<br>बाख्रा ४१३ |

- हाल सम्म ७१२गाई ५०८ भैंसी ४१३बाख्रा गरि जम्मा १६३३ वटा पशुहरुमा बीमा गरिएको छ।
- नमोबुद्ध नगरपालिकाको सम्पूर्ण वडाहरुका किसानहरुलाई नेपाल सरकार बाहेकको बीमा प्रिमियमको ५०% अनुदान दिइएको छ।
- हाल सम्म १५ जना किसानहरुले जम्मा रु ७,२५,४५०/- पशु बीमा दाबीबाट क्षतिपूर्ति रकम प्राप्त गरिएको छ भने १० जना किसानहरुको जम्मा रु ५,३०,०००/- क्षतिपूर्ति रकम पाउने प्रकृयामा रहेको छ।



*बीमा कम्पनीसँग पशु बीमाको सम्झौता*



*पशु बीमा दाबीबाट क्षतिपूर्तिवापत प्राप्त  रकमको चेक हस्तान्तरण*

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| २ | उपकरण खरिद (कृ.ग) | ३०००० |  |  | कार्यक्रम संचालन पक्रियामा |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ३ | व्यावसायिक पशुपालन तालिम | १००००० |  |  | कार्यक्रम संचालनको क्रममा रहेको |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ४ | घाँसको बिउ/बेर्ना वितरण | २००००० |  |  | कार्यक्रम कार्यक्रम संचालन हुन बाँकी |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ५ | पशु औषधी तथा लजेस्टिक खरिद | ६००००० | | % | कार्यक्रम संचालनको क्रममा रहेको |

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ६ | दुग्ध संस्था, मासु पसल, व्यावसायिक फार्म तथा पशु व्यवसाय संग सम्बन्धित अनुगमन/ अन्तर्क्रिया | २००००० | | | कार्यक्रम संचालन हुन बाँकी |

**पशु सेवा शाखाबाट उपलब्ध गराइएका अन्य सेवाहरु**

- मेडिकल उपचार - ६४५०
- परजीवी नियन्त्रण -८३२१
- मेजर सर्जरी - १३
- माइनर सर्जरी - ३८०
- कृतिम गर्भाधान - १७३५
- इपिडेमियोलोजी रिपोर्टिङ - ७ पटक
- प्रयोगशाला सेवा (गोवर परीक्षण र दुध परीक्षण)

  गोवर परीक्षण ५५

  दुध परीक्षण २०

- मिति २०८१/०६/१० देखि १२ गते सम्म आएको अविरल बर्षाको साथै बाढीपहिरोले पशुपंक्षीमा गरेको क्षतीको विवरण

| गाईको संख्या | भैंसीको संख्या | बाख्राको संख्या | अन्य पशुपंक्षी | गोठको क्षति |
|---|---|---|---|---|
| ४३ | ४२ | ४०५ | बंगुर २<br>कुखुरा ९३८ | १९० |

- क्षती मध्यबाट बीमा नभएका ३७ गाई ३७ भैंसी र २८४ बाख्रा लाई प्रति गोटा बाख्रा २०००/- प्रति गोटा गाई १००००/- र प्रति गोटा भैंसी १४०००/- का दरले जम्मा रु १४,५६,०००/- नगरपालिकाबाट क्षतिपूर्ति रकम उपलब्ध।
- बीमा भएका पशुरहरुलाई बीमा कम्पनीहरुबाट ६ गाई ५ भैंसी ३ बाख्रा लाई जम्मा रु.४,६६,२००/- पशु बीमा दाबीबाट क्षतिपूर्ति रकम प्राप्त।

**राष्ट्रिय खोप कार्यक्रमहरु**

पशु सेवा कार्यालय धुलिखेलबाट प्राप्त खोपहरु :-

| प्राप्त खोप विवरण | लगाईसकेको खोप विवरण | बाकी खोप विवरण |
|---|---|---|
| पीपीआर रोग २१००० डोज | १४००० डोज | ७००० डोज |
| लम्पी स्किन रोग १००० डोज | १००० डोज | ० |

**पशु सेवा शाखाबाट प्रदान गरिने सेवाहरुको तस्बिर:**



*मध्यरातमा डिस्टोकिया गर्दै*



*मिल्क फिवर को उपचार गर्दै*






*पीपीआर सप्ताहव्यापी खोप अभियान*



*दुध परीक्षण*



*parasite को परीक्षण*








सप्ताहव्यापी लम्पी खोप अभियान



थुनेलोको उपचार



साल निकाल्दै



किसानलाई व्यवस्थापनसँग सम्बन्धित सल्लाह प्रदान गर्दै

**रोजगार सेवा केन्द्र तर्फः**

**स्वदेशमै काम आफ्नो देशको सम्मान**

संविधानमा सुनिस्चित गरिएको रोजगारीको हक सम्बन्धी नियमावली २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा आएको हो यस कार्यक्रमले स्थानीय तहबाट पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगारी एबम स्वरोजगारीका उपलब्ध अवसरहरुमा परिचालन गरी रोजगार बनाउने तथा यस्तो प्रयत्नबाट समेत रोजगारी प्राप्त गर्न वा स्वरोजगार हुन नसकेका बेरोजगारहरुलाई कामका लागि पारिश्रमिकको ढाँचामा स्थानीय सार्वजनिक आयोजनामा न्युनतम १०० दिनको रोजगारी उपलब्ध गराई सामाजिक सुरक्षा प्रदान गर्ने ब्यबस्था गरेको छ।

**रोजगार सेवा केन्द्रबाट प्रवाह हुने मुख्य-मुख्य सेवाहरु;**

- रोजगार तथा बेरोजगार श्रम जनशक्तीको तथ्यांक संकलन,
- आफ्नो कार्य क्षेत्रमा रहेका स्वदेशी तथा बिदेशी श्रमिकको तथ्यांक,
- सेवाकेन्द्रमा रहेका तथ्यांकहरुको प्रशोधन विश्लेषण र रोजगारी सिर्जनामा उपयोग,
- बिदेशमा काम गरेर फर्केका नागरिकले प्राप्त हरेका ज्ञान र सीपलाई उपयोग गरी उद्यमशीलताको बिकास र बिस्तार,
- वित्तीय साक्षरता र सीपमूलक तालिम संचालन,
- पून श्रम स्वीकृती,
- बैदेशिक रोजगारीसंग सम्बन्धित समस्याहरु,

**आर्थिक वर्ष २०८१/०८२मा सम्पादित कामहरुः-**

- काममा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रम तथा उपभोक्ता समिति गठन गरिएको,
- सूचिकृत बेरोजगारबाट ६५ जनालाई ७ ओटा भिन्न-भिन्न वडाहरुमा आयोजना मार्फत काममा खटाईएको,
- सम्पूर्ण योजनाको प्राबिधिक मूल्यांकन लगायत सम्झौताको काम सकिएको,
- श्रमको सम्मान रास्ट्रको अभियान कार्यक्रम एक देखी एघार वडा कार्यालयमा संचालन गरी सम्पन्न गरिएको,
- योजनाहरुको नियमित अनुगमन तथा पृष्ठपोषण दिने काम गरिएको,
- पुन श्रम स्वीकृति सेवा निरन्तरता दिईएको,
- आर्थिक वर्ष २०८२/०८३ को लागि न्युनतम रोजगारीमा संलग्न हुन सूचना प्रचार प्रसार तथा फारम संकलनको काम सुरु गरिएको,

- बिपदमा रोजगार अभियान अन्तर्गत नमोबुद्ध चैत्य परिसर सरसफाई तथा सिढी पैदल मार्ग सुचारु गर्न काममा खटाईएको,
- कृषिमा बाल श्रम अन्त्य सम्बन्धी एक दिने कार्यक्रमको समन्वय गरी संचालन गरिएको,
- कार्यास्थलमा आधारित सीप तालिमको लागि टेण्डर प्रक्रिया पश्चात सम्झौता सम्पन्न गरिएको,

*आर्थिक वर्ष २०८१/०८२ को २०८१/११/२९सम्मको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नमोबुद्ध नगरपालिकाको अवस्था;*




*काममा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रम तथा उपभोक्ता समिति गठन तस्बिर झलक*





-

## *संचालित योजनाहरुको तस्बिर*

























## *श्रमको सम्मान रास्ट्रको अभियान कार्यक्रम -२०८१ केहि झलक*












**<u>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ</u> :**

- वडा नम्बर ०४ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन, २०७७ बमोजिम उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालनका लागि परामर्शदाता छनोट गरिएको।
- वडा नम्बर ०५ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नँया लघु उद्यमी सिर्जना कार्यक्रम संचालनका लागि परामर्शदाता छनोट गरिएको।

## २.२ सामाजिक विकास :

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवद्धन, लैंङ्गिक समानता तथा समावेशीकरण/संरक्षण, महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, खेलकुद जस्ता क्षेत्रहरु मार्फत स्वस्थ जीवन र आरोग्यता, गुणस्तरीय शिक्षा, लैंङ्गिक समानता, स्वच्छ खानेपानी र सरसफाईलाई लगायतलाई विशेष प्राथमिकतामा राखी सामाजिक विकास तर्फका कार्यक्रमहरु संचालन गरिएका छन्।

**स्वास्थ्य तर्फः**

| सि.नं. | कार्यक्रमको नाम | भौतिक लक्ष्य | भौतिक प्रगति % | विनियोजित वजेट | वित्तिय खर्च | वित्तिय प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१.** | **आमा सुरक्षा कर्यक्रम** | **५** | | **११,२५,०००** | | | |
| क | गर्भवती तथा सुत्केरी उत्प्रेरणा यातायात खर्च | १ | २०% | | १,४८,००० | १३.१६ % | |
| **२.** | **मातृ तथा नवजात शिशु कार्यक्रम** | **६** | | **८,३३,०००** | | | |
| क | वर्थिङ सेन्टरमा २४ सै घण्टा अ.न.मि.करार सेवामा नियुक्ति | १ | १७% | | ६५,८०४ | ७.९०% | |
| **३.** | **राष्ट्रिय खोप कर्यक्रम** | **३** | | **४,३५,०००** | | | |
| क | नगरपालिका खोप समन्वय समिति, वडा खोप समन्वय समिति तथा बिद्यालय शिक्षकको बैठक सञ्चालन । | १ | ३३% | | २५,५०० | ६% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | एच.पि.भि.खोप अभियानमा खटिने महिला स्वास्थ्य स्वयं.सेविकाहरुको अभिमुखिकरण एच.पि.भि.खोप दिने स्वास्थ्यकर्मीहरुको तालिम | १ | ३३% | | ३९,९५० | ९% | |
| | नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चतता र दिगोपना कार्यक्रम | ४ | | | | | |
| ग. | पूर्ण खोप वडा सुनिश्चतताका लागि ५ वर्ष मुनिका बच्चाहरुको घरधुरी सर्वेक्षण कार्यक्रम | १ | २५% | | ३०,५०० | ११% | |
| घ. | नियमित तथ्यांक गुणस्तरका बृद्धिका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक | १ | २५% | | ७२,९०० | १७% | |
| **४.** | **पोषण कार्क्रम** | **६** | **१७%** | **८,४८,०००** | | | |
| क | स्तनपान सप्ताह कार्यक्रम | १ | १७% | | ५००० | १% | |
| ख | राष्ट्रिय भिटामिन ए कार्यक्रम | १ | १७% | | १९,८०० | ६.५०% | |
| ग | आयोडिन सचेतना महिना कार्यक्रम सञ्चालन | १ | १७% | | ९०,००० | ११% | |
| घ | सुनौलो हजार दिनका आमाहरुसँग पोषण बिशेष अभिमुखिकरण कार्यक्रम | १ | १७% | | १०,१०० ० | १२% | |
| **५.** | **मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई** | ४ | **५०%** | ४६,३५,०० ० | २६,१०० ० | **५६.३१ %** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **औषधि उपचार खर्च बापत मासिक रु.५००० का दरले उपलब्ध गराइने रकम** | | | | | | |
| | **राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम** | **२** | | **१,३५,०००** | | | |
| क. | आ.ब.२०८०/०८१ को क्षयरोग कार्यक्रमको अर्द्धबार्षिक समिक्षा गोष्ठि | १ | ५०% | | ४१,७०० | | |
| **६.** | **अत्यावश्यक औषधि खरिद** | **२** | **५०%** | **२१००००** | **५,७७,३४०** | **३६%** | |
| **७.** | **स्वास्थ्य दिवस** | **१** | | | | वजेट नभएको | |
| **८.** | **निशर्त बजेट तर्फ - स्वास्थ्य तथा आयुर्वेद कार्यक्रम** | | **१५** | **३०,००००** | | | |
| क | महिला स्वास्थ्य स्वयं.सेविका दिवस | १ | ७% | ३,९१,२६७ | १३% | | |
| ख | योग दिवस सञ्चालन | १ | ७% | १२३३० | ०.४१% | | |
| ग | इ.एच.एम.आइ.एस.कार्यक्रम सञ्चालन | १ | ७% | ६४,५०० | २.१५% | | |
| घ | गाउँघर तथा खोप क्लिनिकमा खटेवापत यातायात खर्च | १ | ७% | १०२००० | ३.४% | | |
| ङ | पोषण कार्यक्रम सञ्चालन | १ | ७% | १,५०,००० | ५% | | |
| ९. | महिला स्वास्थ्य स्वयं.सेविकाहरुलाई मानसिक स्वास्थ्य सम्बन्धि तालिम | | | | | जनस्वास्थ्य कार्यालय धुलिखेल र नमोबुद्ध नगरपालिकाको सयुंक्त आयोजनामा सम्पन्न भएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | क्षयरोग पत्तालगाउन कानपुरमा Screaming शिविर सञ्चालन | | | | | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यालय ठिमि, भक्तपुरको सयुंक्त आयोजनामा सम्पन्न भएको । |

**कार्यक्रमको तस्बिरहरुः**

*एच.पि.भि.खोप अभियानको तस्बिरहरु*














*५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए खुवाएको तस्बिर*



*महिला स्वास्थ्य स्वयंसेविका दिवस तथा सम्मान कार्यक्रम मनाइएका तस्बिरहरु*







*महिला स्वास्थ्य स्वयंसेविकाहरुको मानसिक स्वास्थ्य तालिमको तस्बिरहरु*








*PNC Home Visit समिक्षा कार्यक्रमको तस्बिरहरु*





*विश्व स्वास्थ्य दिवस मनाइएको तस्बिरहरु*



## आयोडिन महिना सचेतना कार्यक्रम मनाइएको तस्बिरहरु





## क्षयरोग कार्यक्रमको अर्द्धबार्षिक समिक्षा गोष्ठि कार्यक्रमको तस्बिरहरु









## सुनौलो हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रमको तस्बिरहरु






## स्तनपान दिवस मनाइएका तस्बिर



**शिक्षा तर्फः**

रु. हजारमा

| सि.नं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजित कुल रकम | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | ३५०००01४ | सबैका लागि शिक्षा आधारभूत शिक्षा | १२०७३५ | ५५८०९.१८२ |
| २ | ३५०००१५ | शिक्षक तलब भत्ता (माध्यमिक तह) | ३९५६७ | २०५१७.२९८ |
| ३ | ३५००१८०१ | विद्यालय क्षेत्र विकास योजना जिल्लास्तर | ४६०५७ | १२६६२.६१ |
| ४ | ३५००१८०१ | केन्द्रवाट छनोट भएका नमुना विद्यालय,विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार विकास अनुदान | १०००० | ०.०० |
| | | **जम्मा** | **२१६३५९** | |

**विद्यालय शिक्षा क्षेत्र योजना र सबैका लागि शिक्षा आधारभूत तह (जिल्लास्तर)**

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| १ | १.१.३.३ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारीहरु समेत) | १२०७३५ | ५५८०९.१८२ | ४६.२२ |
| २ | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ३९५६७ | २०५१७.२९८ | ५१.८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १३४६१ | ६६५३.५ | ४९.४३ |
| ४ | २.४.६.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ३१६१ | | ०.०० |
| ५ | २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ६६६४ | २३४०.८१ | ३५.१३ |
| ६ | २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३०७० | २२३० | ७२.६४ |
| ७ | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ८०० | | ०.०० |
| ८ | २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६९५० | | ०.०० |
| ९ | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन (शैक्षिक कार्यक्रम) | ११९७ | | ०.०० |
| १० | २.७.१३.४० | माध्यमिक तह कक्षा (९-१०)अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४६२४ | १००९.२१७ | २१.८३ |
| ११ | २.७.१३.४१ | आधारभूत तह कक्षा (१-८)अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९२३ | ४२९.०८३ | ४६.४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | २.७.१३.५० | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री तथा डिजिटल सामग्री व्यवस्थापनका लागि विद्यालयलाइ अनुदान | २८१७ | | ०.०० |
| १३ | २.७.१३.३०२ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टोरिङ तथा विद्यालय सुपरीवेक्षण | १०४१ | | ०.०० |
| १४ | २.७.१३.३०४ | विपदका समयमा सिकाइ निरन्तरताका लागि आपुरण तथा द्रुत सिकाइ योजना (REAL) कार्यान्वयन | ५०० | | ०.०० |
| १५ | २.७.१३.३०५ | विपन्न लक्षित छात्रवृत्ति का लागि छनोट भएका (कक्षा ९-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ३३४ | | ०.०० |
| १६ | ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ५१५ | | ०.०० |
| १७ | ११.१.२.२९८० | केन्द्रवाट छनोट भएका नमुना विद्यालय,विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ वाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | १०००० | | ०.०० |

नगरपालिका शिक्षा तर्फको अर्धवार्षिक प्रगति विवरण (बजेट रु हजारमा)

| सि.नं. | क्रियाकलापको नाम | इकाई | भौतिक लक्ष्य | विनियोजित कुल रकम | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षण सहयोग कार्यक्रम | विद्यालय | ५ | २१३८.६१० | १४८५.८९४ | ६९.४८ |
| २ | नगरभित्रका सम्पूर्ण कलेजहरुलाई अनुदान | कलेज | ३ | ९००.००० | ०.००० | ०.०० |
| ३ | वालविकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगी थप तलव | स.का. | १०० | ९१००.००० | ४५०१.००० | ४९.४६ |
| ४ | शिक्षा शाखाको कार्यक्रम | नगरपालिका | १ | १०००.००० | ०.००० | ०.०० |
| ५ | राष्ट्रपति रनिङशिल्ड | नगरपालिका | १ | ६००.००० | ६०० | १००.०० |
| | **जम्मा रकम** | | | **१३७३८.६१०** | **६५८७** | **४७.९४** |

शिक्षा, युवा, खेलकुद शाखाबाट गरिएका क्रियाकलापहरुः

- प्राथमिक तहको दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न।
- शिक्षकहरुको कार्य सम्पादन तथा मूल्यांकन सम्बन्धी कार्य।
- शिक्षकहरुको सम्पत्ती विवरण सम्बन्धी कार्य सम्पन्न।
- नियमित रुपमा विद्यालय अनुगमन तथा निरीक्षण।
- शिक्षकहरुको तलवी प्रतिवेदन पारित।
- स्थायी शिक्षक पदस्थापन।
- करारमा शिक्षक नियुक्ति।
- कक्षा-८ परीक्षा सञ्चालन तथा व्यवस्थापन।
- कक्षा-८ को लव्धाङ्क पत्र प्रमाणीकरण तथा वितरण।
- शिक्षकहरुको तलव भत्ता तथा विभिन्न कार्यक्रमको रकम निकासा।
- विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्य।
- शिक्षक कर्मचारीहरुको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य।

- ❖ शिक्षकहरुको विदा प्रमाणित।
- ❖ IEMIS अद्यावधिक।
- ❖ दैनिक शैक्षिक प्रशासन सम्बन्धी कार्य।
- ❖ शैक्षिक क्यालेण्डर तयारी तथा वितरण।
- ❖ नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न।

शैक्षिक झलकहरु










राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१


राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१
२०८१ फाल्गुण ६ र ७ गते




पति रनिङ शिल्ड

**महिला, बालबालिका तथा समाजकल्याण तर्फः**

| क्र.सं. | कार्यक्रम | सहभागीहरु | भैतिक प्रगति | कार्यक्रम संचालन मिति | दिन | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| १ | महिला जनप्रतिनिधि र महिला संस्थाहरुको चौमासिक बैठक कार्यक्रम | महिला जनप्रतिनिधि र महिला संस्था पदाधिकारीहरु | ४८ जना | २०८१ मंसिर ६ | १ दिन | ४५८००। |
| २ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम वडा स्तर तथा नगर स्तरमा | बिशेष गरि हिंसा पीडित महिलाहरु वडागतरुपमा | महिला ९२५ पुरुष १०५ **जम्मा १०३०** | २०८१ मंसिर १० देखि २५ सम्म | १६ दिन | |
| ३ | अपाङ्गता संमन्वय समिति बैठक | अपाङ्गता समिती पदाधिकारी | १ पटक | २०८१ पुस २३ गते | १ पटक | ० |
| ४ | अपाङ्गता परिचय पत्र वितरण | | १५ जना | | | ० |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुको घर अनुगमन | | ५ जना | | | ० |
| ६ | नगर बालसंजालको बैठक | २ पटक | २१ जना | | | ० |
| ७ | बालमैत्री वडास्तरको रणनीतिक योजना तयार | | ५०० प्रति | | | ० |
| ८ | नगरस्तरीय बालबालिकाको वस्तुस्थिति तयार | | ५०० प्रति | | | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | महिला शाखाकको प्रगति विवरण तयार | | प्रेसमा | | | ० |
| ११ | सहकारी दर्ता | | १ वटा | | | ० |
| १२ | सहकारी केपेमिसन उपलब्ध | | ६ वटा | | | ० |
| १३ | सहकारी अनुमति | | १ वटा | | | ० |
| १४ | मनोसामाजिक विमर्शकर्तासँग फिल्ड अनुगमन | | ११ वडा | | | ० |

- नगर उपप्रमुखज्यूको संयोजकत्वमा नगरपालिका भित्र दर्ता भएका सहकारीहरुको स्थलगत अनुगमन गरी वडा कार्यालय मार्फत सहकारीहरुको विस्तृत विवरण माग गरिएको।
- नगरपालिका भित्रका विभिन्न वडाका महिलाजनप्रतिनिधि तथा अन्य महिलाहरुलाई समेटी दुई चरणमा साबुन बनाउने तालिम संचालन गरिएको।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

**सामाजिक सुरक्षा**

| क्र.सं. | कार्यक्रम | खर्च शिर्षक | बार्षिक बजेट | दो. त्रैमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | खर्च (रु.) | लाभान्वित | खर्च% | |
| १ | सामाजिक सुरक्षा भत्ता घरदैलोबाट वितरण कार्यक्रम | २२५२२ | ३,००,००० | २,०६,९४५ | १,०२३ | ६९% | बार्षिक योजना अनुसार सम्पन्न हुने |
| २ | सामाजिक सुरक्षा भत्ता | ३१४०१०१२३ | १५,६८,३५,००० | ८,५०,४९,८७४ | ८,४३७ | ५४.२२ % | सम्पन्न हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सा.सु. भत्ता लाभग्राही बायोमेट्रिक उपकरण खरीद र जडान | २२५२२ | ३,००,००० | २,६९,६०० | न.पा. को सबै लाभग्राही | ९०% | माघ महिना देखि बायोमेट्रिक सुरु भएको |

## मृत्यु पछि निकासा भएको सामाजिक सुरक्षा भत्ता को.ले. नि.का फिर्ता गरेको विवरण

| आ.व. २०८१/८२ | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | फिर्ता गर्ने बैंक | कैफियत |
| | मृतक संख्या | फिर्ता रकम | मृतक संख्या | फिर्ता रकम | | |
| १ | २ | ९३१० | १ | ० | लुम्बिनी विकास बैंक | को.ले.नि.का को खातामा जम्मा भएको भौचर प्राप्त |
| २ | ६ | २१०३४ | ६ | ४२१९४ | लुम्बिनी विकास बैंक | |
| ३ | २ | ६९१६ | ० | ० | सिन्धु विकास बैंक | |
| ४ | १ | २६६० | १ | १८६२ | सिन्धु विकास बैंक | |
| ५ | १ | ० | ८ | ४८५१६ | लुम्बिनी विकास बैंक | |
| ६ | ३ | ९७०९ | ६ | ६२५७० | ग्लोबल आईएमई बैंक | |
| ७ | ४ | १०५०७ | ५ | ४६५७० | ग्लोबल आईएमई बैंक | |
| ८ | २ | १२००० | ३ | ३४२७९ | लक्ष्मि सनराईज बैंक | |
| ९ | ३ | ४००० | ३ | ३५९१ | लुम्बिनी विकास बैंक | |
| १० | १ | २६६० | २ | ४९२१ | लक्ष्मि सनराईज बैंक | |
| ११ | ३ | १६७५८ | २ | १७९८५ | ग्लोबल आईएमई बैंक | |
| **जम्मा** | **२८** | **९५५५४** | **३७** | **२६२४८८** | | |

# पञ्जीकरण

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

नेपाल सरकार

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

**नमोबुद्ध नगरपालिका**

जिल्ला : काभ्रेपलान्चोक गा.पा/न.पा. : नमोबुद्ध दर्ता मिति देखि : २०८१-०४-०१ दर्ता मिति सम्म : २०८१-०९-२९

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | ११ | १० | | २१ | ७ | ४ | | ११ | १ | १३ | १ | ४ | | | | ४७ |
| २ | १४ | १० | | २४ | १० | ११ | | २१ | १ | १६ | | | ४ | १७ | | ६६ |
| ३ | १० | ८ | | १८ | ३ | ४ | | ७ | २ | ८ | २ | ६ | २ | ९ | | ३९ |
| ४ | ३ | १४ | | १७ | २ | ८ | | १० | १ | ८ | १ | ६ | १ | ६ | | ३८ |
| ५ | १७ | २२ | | ३९ | ९ | ९ | | १८ | १ | २१ | | | ३ | ७ | | ८२ |
| ६ | ८ | १० | | १८ | ६ | ८ | | १४ | २ | १४ | | | १ | ४ | | ४९ |
| ७ | २९ | २१ | | ५० | १४ | ८ | | २२ | | १९ | | | २ | ७ | | ९३ |
| ८ | २६ | १८ | | ४४ | ६ | ११ | | १७ | २ | १६ | | | २ | ३ | | ८१ |
| ९ | १७ | १२ | | २९ | ७ | ६ | | १३ | २ | ९ | | | १ | ४ | | ५४ |
| १० | ११ | १० | | २१ | ३ | ३ | | ६ | १ | १२ | | | १ | ४ | | ४१ |
| ११ | १४ | १६ | | ३० | ४ | ४ | | ८ | १ | १० | २ | ६ | १ | ५ | | ५२ |
| जम्मा | १६० | १५१ | ० | ३११ | ७१ | ७६ | ० | १४७ | १४ | १४६ | ६ | २२ | १८ | ६६ | ० | ६४२ |

## शाखाद्धारा सम्पादित अन्य कार्यहरु

- भत्ता लाभग्राहीहरुको विवरण त्रैमासिक रुपमा अध्यावधिक गरी नगरपालिकाको वेवसाईटमा प्रकाशन
- अशक्त जेष्ठ नागरिक/अपाङगता भएका बैंक सम्म पुग्न नसक्ने
- लाभग्राहीहरुलाई घुम्ति सेवा मार्फत घरदैलोमै भत्ता वितरण
- पञ्जीकरण सम्बन्धी समस्याहरुको वडा, पालिका र विभागसँग समन्वय गरी समाधान
- लाभग्राहीको मृत्यु पछी खाता बन्द गर्न सम्बन्धित बैंकलाई सिफारिस
- भत्ता निकासा गरि लाभग्राहीको खातामा EFT मार्फत सिधै रकम जम्मा
- लगत कट्टा तथा मृत्यु पछी वढि निकासा भएको भत्ताको रेकड राखी सरकारको खातामा रकम फिर्ता
- VERSP-MIS संचालनमा वडाहरुलाई आवश्यकता अनुसार सहजीकरण
- लाभग्राहीहरुको वायोमेट्रिक गर्ने कार्यमा सहजिकरण
- बायोमेट्रिक डिभाईस संचालनको लागि वडा सचिवहरुलाई तालिम
- गुनासो सुनुवाई तथा फच्छौट
- स्थानीय पंञ्जीकाधिकारीहरुको लगईन व्यवस्थापन

- नगरपालिकाले शाखाको कर्मचारी, नगर प्रहरी तथा सम्बन्धित बैंकका प्रतिनिधिहरुको सहकार्यमा घरघर तथा टोलटोलमा पुगी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।
- लक्षित वर्गको कार्यक्रम अन्तर्गत नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको।

**<u>घरदैलो भत्ता वितरणको तस्विरहरु:</u>**









## २.३ पूर्वाधार विकास :

सडक तथा पुल, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार जस्ता क्षेत्रहरु मार्फत सबैले धान्न सक्ने स्वच्छ उर्जा, उद्योग, नवीन खोज तथा पूर्वाधार, दिगो शहर तथा समुदाय लगायतलाई विशेष प्राथमिकतामा राखी पूर्वाधार विकास तर्फका कार्यक्रमहरु संचालन गरिएका छन्।

- नेपाल जलवायु अनुकूलन गाउँ कार्यक्रम अन्तर्गत बजार क्षेत्रलाई लक्षित गरी उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यावसायिक तरकारी तथा फलफूल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरी विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य सम्पन्न गरी नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित दाहालचौरमा करिब नौ करोडको लागतमा एक सय असी मेट्रिक टन क्षमताको कोल्डस्टोर (शीत भण्डार) निर्माण कार्य निरन्तरता गरिएको र सो सम्बन्धमा थप परामर्शका लागि परिमार्जित विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको
- नमोबुद्ध नगरपालिका र कोईकाको सहयोगमा विश्व प्रसिद्ध धार्मिक तथा एतिहासिक नमोबुद्ध परिसरमा पर्यटन सूचना केन्द्र निर्माणको कार्य सम्पन्न भएको।
- प्रदेश सरकारबाट प्राप्त समपुरक योजनाहरु (वडा नम्बर ०५ स्थित कानपुर डाँडागाउँ हुँदै वि.पी. राजमार्ग सडक, वडा नम्बर ०८ स्थित भकुण्डेबेशी-आरुबारीचौर-ताल्लो हटिया-दाप्चा सडक, वडा नम्बर ११ नम्बर श्यामपाटी कुरूगाउँ वडा कार्यालय हुँदै भालुखर्क सडक) निर्माण कार्य प्रारम्भ।
- वडा नम्बर ०३ स्थित वि.पि. राजमार्ग- ढुङ्गासाँघु-चरुवा-भेडाबारी-बोहोरे सडकको लागि बागमती प्रदेश सरकारसँग समन्वय गरी बहुवर्षीय योजनामा समावेश भई स्तरोन्नतिको कार्य प्रारम्भ गरिएको र थप श्रोत व्यवस्थापनको लागि समेत पहल गरिएको।
- वडागत योजनाको विवरण:

| क्र.म | वडा नम्बर | कुल विनियोजन भएका योजनाहरु | कुल विनियोजन भएको रकम (रु.) | हालसम्म सम्झौता भएका योजनाको संख्या | सम्पन्न भएका योजनाको संख्या |
|---|---|---|---|---|---|
| १ | १ | ११ | २७,५८,१२३ | १ | १ |
| २ | २ | ८ | ४०,२१,७६६ | २ | १ |
| ३ | ३ | १३ | २९,७९,०३० | - | - |
| ४ | ४ | १७ | ३३,५८,७२९ | २ | १ |
| ५ | ५ | २३ | ३८,६१,७८६ | ५ | - |
| ६ | ६ | ८ | २३,६०,९९४ | १ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ७ | १९ | ३५,९१,७८६ | १४ | ५ |
| ८ | ८ | ३ | २९,१३,१३६ | - | - |
| ९ | ९ | १३ | २८,०६,६८० | - | - |
| १० | १० | २ | २७,१४,४११ | - | - |
| ११ | ११ | ९ | ३१,३३,५५४ | - | - |
| | **जम्मा** | **१५२** | **३,४४,९९,९९५** | | |

- बोलपत्र प्रकृया अगाडी बढाईएको योजनाको विवरण

| **क्र.सं** | **योजनाको नाम** | **जम्मा बजेट (भ्याट बाहेकको रकम रु.)** |
|---|---|---|
| १ | धुलिखेल वडा नं.११देखि नमोबुद्ध न.पा.१ को कार्यालय जोड्ने सडक | |
| २ | बि.पी.राजमार्ग ठाडोबाटो जनकल्याण मा.बि.हुँदै वडा कार्यालय जोड्ने सडक | रु.७,५८,१३४३ |
| ३ | बोक्सेदह रजवमपोखरी सडक | रु.३९,८८,३०५।७० |
| ४ | घट्टेडाँडा रातामाटे सडक | रु.४०,७२,३८२/४२ |
| ५ | बुचाकोट बि.पी.राजमार्ग हुँदै पाँचखाल सडक र जुरेलीडाँडा ठकुरीगाउँ सडक | रु.२५,६८,७१२/२० |
| ६ | कानपुरडाँडा हुँदै बि.पी.राजमार्ग सडक | रु.१,५४,४८,०४८।४० |
| ७ | भकुण्डेबेशी आरुबारीचौर तल्लोहटिया दाप्चा सडक | रु.१,६०,३७,८८६।३० |
| ८ | श्यामपाटी कुरुगाउँ वडा कार्यालय हुँदै भालुखर्क जोड्ने सडक | रु.१,६१,५३,२०३।९६ |

**संचालन भएका योजनाहरुको तस्बिरः**





नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ स्थित नयाँ ट्र्याक निर्माण

  

नमोबुद्ध नगरपालिका वडा नम्बर ०४ स्थित जगवैज्येश्वर मन्दिर परिसरमा पर्खाल तथा पुल निर्माण

  

नमोबुद्ध नगरपालिका र कोईकाको सहयोगमा विश्व प्रसिद्ध धार्मिक तथा एतिहासिक नमोबुद्ध परिसरमा पर्यटन सूचना केन्द्र निर्माणको कार्य

**भवन तथा बस्ति विकास तर्फः**

१. **घर नक्सा**

| | |
|---|---|
| क. नक्सापास दर्ता | २९ |
| ख. अस्थायी इजाजत | ८ |
| ग. स्थायी इजाजत | ११ |
| घ. घर नक्शा नामसारी | २ |
| ङ. घर नक्शा तलाथप | १ |
| च. घर निर्माण आंशिक सम्पन्न | १ |
| छ. घर निर्माण सम्पन्न | १२ |
| ज. घर अभिलेखिकरण | २ |

२. न्यायिक समितिमा परेका जग्गा सम्बन्धि निवेदनको न्यायिक समितिमा छलफल भएपछि फिल्डमा गइ जग्गा नापजाँच गर्ने काम नियमित भैरहेकोछ ।
३. जग्गा नाप्नको लागि निवेदन परेपछि निवेदनमा तोक लगाई राजश्व उप-शाखामा नियमानुसार राजश्व तिरेपछि जग्गा नाप्न जाने काम नियमित भैरहेकोछ ।
४. नक्सापासको काम नियमित रुपमा भैरहेकोछ ।



















## २.४ वातावरण तथा विपद् व्यवस्थापन :

वन, भू तथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकूलन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन जस्ता क्षेत्रहरुको मार्फत उत्तरदायी उपभोग तथा उत्पादन, जलवायु अनुकूलन कार्य, जमिन माथिको जीवन लगायतलाई विशेष प्राथमिकतामा राखी वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फका कार्यक्रमहरु संचालन गरिएका छन्।

*वातावरणः*

- वडामा एक वडा एक पोखरी कार्यक्रम संचालन,
- वडामा एक वडा एक चौतारी कार्यक्रम संचालन,
- नमोबुद्ध नगरपालिका, ICIMOD, सिप्रेडको सहकार्यमा वडा नम्बर ०२, वडा नम्बर ०३, वडा नम्बर ०४ र वडा नम्बर ०६ मा जलवायु अनुकूलन सिकाई केन्द्रको स्थापना तथा स्तरोन्नति,
- नमोबुद्ध नगरपालिका, ICIMOD, सिप्रेडको सहकार्यमा वडा नम्बर ०३ र वडा नम्बर ०९ मा जलाधार व्यवस्थापनको कार्यक्रम संचालन,
- नेपाल जलवायु अनुकूलन गाउँ कार्यक्रम अन्तर्गत बजार क्षेत्रलाई लक्षित गरी उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यावसायिक तरकारी तथा फलफूल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरी विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य सम्पन्न गरी नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित दाहालचौरमा करिब नौ करोडको लागतमा एक सय असी मेट्रिक टन क्षमताको कोल्डस्टोर (शीत भण्डार) निर्माण कार्य निरन्तरता गरिएको र सो सम्बन्धमा थप परामर्शका लागि परिमार्जित विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको,
- विभिन्न वडामा वृहत वृक्षारोपण कार्यक्रम संचालनको लागि तयारी गरिएको,
- वातावरण व्यवस्थापन विशेष कोषको व्यवस्था गरिएको,
- वातावरण संरक्षण सम्बन्धमा हाल सम्म ५ वटा स्थानीय कानुन निर्माण गरिएको,
- मूल संरक्षण तथा जलाधार व्यवस्थापन गर्नको लागि प्रारम्भिक अनुसन्धानको कार्य सम्पन्न भई निर्माण कार्यको प्रारम्भ गरिएको,
- जलवायु अनुकूलन सिकाई केन्द्रको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था तथा व्यक्तित्वबाट अध्ययन अवलोकन भ्रमण गरिएको,

- नगरपालिकामा सौर्य उर्जाको मर्मत कार्य गरिएको,
- रोशी खोलामा बाढी तथा पहिरो पश्चात जम्मा भएको दहत्तर वहत्तर व्यस्थापनको लागि छिमेकी पालिकासँग अन्तरपालिका समन्वय बैठक संचालन गरी आ.ई.ई गर्ने प्रकृया अगाडी बढाईएको,
- नमोबुद्ध नगरपालिकामा कोईकाको सहयोगमा नमोबुद्ध परिसरमा नमोबुद्ध पर्यटन सूचना केन्द्र स्थापना गरिएको।

*सरसफाई:*

- नियमित रुपमा बजार तथा राजमार्गको सरसफाई गरिएको,
- अल्पकालीन रुपमा फोहोरमैला व्यवस्थापनको कार्य गरिएको,
- पर्यटकीय क्षेत्र, विद्यालय र बजार क्षेत्रलाई लक्षित गरी डस्बिनको व्यवस्थापन गरिएको,
- फोहोरमैला व्यवस्थापन सम्बन्धमा १ वटा र बजार व्यवस्थापन सम्बन्धमा १ वटा स्थानीय कानुन निर्माण गरिएको,
- एकीकृत वैज्ञानिक फोहोरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माणका लागि आ.ई.ई र विस्तृत परियोजना प्रतिवेदन तयार भई पि.पि.पि मोडलमा निर्माण कार्य प्रारम्भ गर्नका लागि बोलपत्र आव्हान गरिएको र जग्गा प्राप्तिको प्रकृया अगाडी बढाईएको।

*विपद् व्यवस्थापन :*

- प्रकोप व्यवस्थापन विशेष कोषको व्यवस्था गरिएको,
- विपदबाट प्रभावित ६१ जना व्यक्तिलाई राहत वितरण गरिएको,
- आकस्मिक सेवाका सवारी साधन (एम्बुलेन्स, दमकल लगायत) चालु अवस्थामा राखी विपद व्यवस्थापन गरिएको,
- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यक ४ वटा स्थानीय कानुन निर्माण।

मिति २०८१ साल असोज १० गते देखि परेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोमा गरिएको उल्लेखनीय कार्यहरु:

**शैक्षिक संस्थाका भौतिक पूर्वाधार तर्फः**

- क्षति भएका विद्यालयहरुको सरसफाई गरी अस्थायी रुपमा शैक्षिक गतिविधिहरु सुचारु।

**खानेपानीको पूर्वाधार तर्फः**

- मूलहरुको पहिचान गरी सम्बन्धित उपभोक्ताहरु पाईप वितरण गरी अस्थायी रुपमा खानेपानी सुचारु,
- सम्बन्धित कार्यालयहरुसँग छलफल गरी क्षति भएका ठूला एकीकृत खानेपानीको पुनर्निर्माण सुरुवात,
- विभिन्न संघसंस्थाको सहयोगमा खानेपानी आयोजनाहरुको पुनर्निर्माण कार्य प्रारम्भ,
- विभिन्न संस्था UNDP, OXFAM, UNICEF, ICIMOD, Save the Children, शान्ति जनआदर्शबाट राहत सामग्री वितरण तथा विपद्सँग सम्बन्धित परियोजना संचालन गरी खानेपानी संचालनका लागि आवश्यक मर्मत सम्भार गरिएको।

**सडक तर्फः**

- नगरपालिकाबाट ईन्धनको व्यवस्थापन गरी अस्थायी रुपमा सम्पूर्ण वडा उपलब्ध भएका मेशिनरी औजारबाट यातायात आवतजावत गर्नका लागि सडक सरसफाई।

**पुल तर्फः**

- क्षति भएका पक्की पुलहरु र झोलुङ्गे पुलहरुको भौतिक संरचनाहरु पुनर्निर्माण निर्माणका लागि सम्बन्धित कार्यालयमा समन्वय र सहकार्य गरिएको।

**विद्युत र संचार तर्फः**

